# बिन्दबासिनी गाउँपालिका

## बहुअर्वा भाठा,पर्सा

## मधेश प्रदेश

# "स्वयंसेवक तथा अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८२"

बिन्दबासिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, मधेश प्रदेश, नेपाल
२०७३

## स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः सामुदायिक विद्यालयको आधारभूत तथा माध्यमिक तहमा विषयगत शिक्षकको उपलब्धतामा वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न अतिरिक्त कृयाकलाप उपल्बध गराई विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार स्वयंसेवक तथा अनुदान शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक भएकोले बिन्दबासिनी गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: यो कार्यविधिको नाम " स्वयंसेवक तथा अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ।

२. परिभाषाः यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

क) "अनुमती" भन्नाले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ अनुसार तोकिएको निकायले दिएको स्वीकृत वा अनुमति सम्झानु पर्छ। साथै सो शब्दले बिन्दबासिनी गाउँपालिकाबाट पारीत शिक्षा ऐन २०७५, नियमावली कार्यबिधि समेतलाइ जनाउछ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले दिएको अनुमति समेतलाई जनाउँदछ।

ख) "इकाई भन्नाले शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ।

ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ बिन्दबासिनी शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्छ।

घ) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

ङ) "दरबन्दी" भन्नाले संघिय सरकारबाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी जनाउछ।

च) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ बिन्दबासिनी गाउँपालिका शिक्षा नियमावली,वा कार्यविधिलाई सम्झनु पर्छ।

छ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

ज) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्छ।

झ)"स्थानिय तह" भन्नाले बिन्दबासिनी गाउँपालिका सम्झनु पर्छ।

ञ) " स्वयं सेवक तथा अनुदान शिक्षक "भन्नाले आधारभूत तथा माध्यमिक तहका विद्यालयमा शिक्षक अभावलाई कम गर्नका लागि नियुक्त गरिएको शिक्षक सम्झनु पर्छ।

ट) "समिति" भन्नाले गाउँ स्वयंसेवक तथा अनुदान शिक्षक पदपूर्ति सिफारिस समिति सम्झनु पर्छ।

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

## परिच्छेद- २

## विद्यालय छनौट तथा स्वयंमसेवक तथा अनुदान शिक्षक दरबन्दी विवरण

**२. विद्यालय छनौटका आधारहरु:**

स्वयंसेवक तथा अनुदान शिक्षक वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:

क) आधारभूत तहमा कक्षा १-५ र कक्षा १-८ तथा माध्यमिक तहमा कक्षा (१-१०) र (१-१२) को अनुमती लिएको हुनुपर्ने।

ख) विद्यालयले सामाजिक परीक्षण गरेको हुनु पर्ने।

ग) विद्यालयले अघिल्लो वर्षको लेखापरीक्षण गरेको हुनु पर्ने।

घ) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनु पर्ने।

ङ) विद्यालय व्यवस्थापन र शिक्षा गुणस्तरको अभिबृद्धि गर्न स्वयंसेवक तथा अनुदान शिक्षक माग गर्दा आवश्यकताको कारण खुलाई विद्यालयले कार्य योजना सहित माग पेश गर्नुपर्ने।

**३. विद्यालय छनौट प्रक्रिया:**

१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय मध्येबाट दफा ३ का आधारमा विद्याल सूची तयार गरिनेछ।

२. उपदफा (१) अनुसारको सूची तयार गर्दा आधारभूत तह कक्षा १-५ र कक्षा १-८ मा कक्षा दरवन्दी नभएका र माध्यमिक तह कक्षा (१-१०) र (१-१२) मा विषयगत शिक्षक बाहेक अतिरिक्त दरबन्दी नभएका विद्यालयहरु प्राथमिकताक्रम तोकी तयार गरिनेछ।

३. स्थानिय तहले आफूलाई प्राप्त स्वयंसेवक तथा अनुदान शिक्षकको संख्या अनुसार उपदफा (२) बमोजिम भएको प्राथमिकता सूचीको आधारमा विद्यालय छनौट गरिनेछ।

४. उपदफा (३) बमोजिम विद्यालय छनौट गर्दा विद्यार्थी संख्या बढी भएको विद्यालयलाई प्राथमिकता दिइनेछ।

**४. स्वयंसेवक तथा अनुदान शिक्षक वितरण:**

१. आधारभुत तह तथा माध्यमिक तहसम्म सञ्चालित विद्यालयहरुमा स्वीकृत दरबन्दीको आधार र नपुग शिक्षक तथा आवश्यकता अनुसार थप स्वयंसेवक तथा अनुदान शिक्षक उपलब्ध गराउनु पर्ने र माध्यमिक तह विषयगत रुपमा हुने गरी विद्यालयमा रहेका दरबन्दीको आधारमा आवश्यकताको अनुसार थप स्वयंसेवक शिक्षक गाउँ शिक्षा समिति मार्फत उपलब्ध गराइनेछ।

२. स्वीकृत बजेटको परिधिभित्र रही छनौट भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षक उपलब्ध गराइनेछ।

३.नेपाल सरकारबाट प्राप्त अनुदान शिक्षक व्यवस्थापन वि.व्य.स. नभएका विधालयमा गाउँपालिकाबाट वितरण गरिनेछ

**५. स्वयंसेवक तथा अनुदान शिक्षकको लागि आवश्यक शैक्षिक योग्यता**

क) आधारभुत (१-८) तहका लागि प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उतीर्ण गरेको।

ख) माध्यामिक ( ९-१२) तहका लागि स्नातक तह उतिर्ण गरेको।

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

CamScanner

## परिच्छेद-३

## शिक्षक नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था

**६. शिक्षक भर्ना सम्बन्धी व्यवस्था:** यस गाउँपालिकाले स्वयंसेवक तथा अनुदान शिक्षकको भर्ना देहाय बमोजिमका आधारमा गरिनेछ ।

१) कार्यालयको सूचनापाटी, स्थानीय पत्रपत्रिका, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा तह, पद, संख्या, आवश्य न्यूनतम योग्यता, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति, परीक्षा मिति, स्थान, सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूह समेतको विवरण खुलाई १५ (पन्ध्र ) दिने थप गर्न दस्तुर लिई ७ (सात) दिनको म्याद दिई खुल्ला विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

२) आवेदन दस्तुरः रु ५००।-**अक्षेरुपी पाँच** सय मात्र आवेदन फारामको नमुना अनुसुची १ बमोजिम हुनेछ ।

३) स्वयंसेवक तथा अनुदान शिक्षक छनौटका लागि देहाय बमोजिम गाउँ शिक्षक पदपूर्ति सिफारिस समिति गठन गरिनेछ

क. गाउँपालिका अध्यक्ष वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी-अध्यक्ष

ख. गाउँपालिका प्रमुखले तोकेको शिक्षा विज्ञ-सदस्य

ग. शिक्षा शाखा प्रमुख वा प्रमुखले तोकेको शिक्षा अधिकृत-सदस्य सचिव

**७) गाउँ शिक्षक पदपूर्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क. स्वयंसेवक तथा अनुदान शिक्षक व्यवस्थापन कार्यविधिले तोकिएको मापदण्डको आधारमा परीक्षा सञ्चालन गर्ने,

ख. प्रश्नपत्र, परीक्षाकेन्द्र, केन्द्राध्यक्ष, निरीक्षकहरुको व्यवस्था गर्ने,

ग. परीक्षालाई स्वच्छ, मर्यादित र सुरक्षित वातावरणमा सम्पन गराउन आवश्यक रेखदेख, समन्वय र अनुगमन गर्ने,

घ. परीक्षमा अनियमित काम गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कार्यवाही गर्ने/गराउने,

ङ. स्वयंसेवक तथा अनुदान शिक्षक नियुक्तिको लागि सिफारिस गर्ने,

**८) प्रकाशित विज्ञापनमा देहायका व्यक्ति उम्मेदवार हुन पाउने छन् ।**

क. आधारभुत तहको लागी प्रविणता प्रमाण पत्र तह वा सो सरह र माध्यमिक तहको लागि स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

ख) नेपाली नागरीक हुनुपर्ने,

ग) १८ वर्ष उमेर पुगेको र ३५ वर्ष पुरा नभएको तथा महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको, हुनुपर्नेछ ।

घ) मानसिक सन्तुलन ठिक भएको ।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको ।

छ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको ।

**९. स्वयंसेवक तथा अनुदान शिक्षकको सेवा शर्त सम्बन्धी सुविधा:** यस कार्यविधि अनुसार स्वयंसेवक तथा अनुदान शिक्षकमा भएका शिक्षकले देहाय अनुसारको सुविधा पाउनेछ।

१) स्वयंसेवक आधारभूत तहको शिक्षकलाई मासिक निर्वाह भत्ता रु. १६०००। (सोरह हजार मात्र) र माध्यमिक तह शिक्षकलाई मासिक निर्वाह भत्ता रु.२००००।- (बीस हजार मात्र) हुनेछ ।

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

CamScanner

२) अनुदान शिक्षकको तलब नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।
३) करार समझौतामा तोकिए बमोजिमको कार्य अवधि हुनेछ ।
४) स्वयंसेवक तथा अनुदान शिक्षकले पोशाक भत्ता पाउने छन ।
५) कार्यविधि बमोजिमको करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी र पर्व बिदा मात्र पाउने ।
६) यस कार्यविधि अनुसार नियुक्ति भएको शिक्षकले सेवा करारमा उल्लेखित भन्दा थप सुविधा नपाउने र थप सुविधाको लागि दाबी गर्न पनि नपाउने।
७) पहिले देखि कार्यरतलाई विशेष प्राथमिकता दिईनेछ ।

**१०. परीक्षा सम्बन्धी व्यवस्था स्वयंसेवक तथा अनुदान शिक्षक करारमा राख्ने प्रयोजनको लागि परीक्षा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**

१. स्वयंसेवक तथा अनुदान शिक्षक छनौट सम्बन्धि परीक्षाको पूर्णाङ्क र उतिर्णाङ्क देहाय बमोजिम हुनेछ :
क) अनुदान शिक्षक छनौटका लागि २०० पूर्णाङ्कको वस्तुगत तथा विषयगत परीक्षा देहाय बमोजिम हुनेछ ।

- वस्तुगत परीक्षा १०० पूर्णाङ्कको हुनेछ जसमा उतिर्णाङ्क ५० हुनेछ ।
- विषयगत परीक्षा १०० पूर्णाङ्कको हुनेछ जसमा उतिर्णाङ्क ४० हुनेछ ।

ख) स्वयंसेवक शिक्षकको लागि अन्तरवार्ता, शैक्षिक योग्यता, र कार्यअनुभवको पूर्णाङ्क ४० अंक र उतिर्ण अंक १६ हुनेछ ।

२. उपदफा १ को (क) बमोजिम छनौट चरणमा योग्यहुने उम्मेदवारहरुलाई उपदफा १ को (ख) वमोजिम लिइने मुल्याङकनका लागि शैक्षिक योग्यता, भौगोलिक इकाइ, कार्यानुभव तथा अन्तरवार्ता वापत निम्नानुसार पुर्णाङ्क कायम गरी मुल्याङकन गरिनेछ

क. शैक्षिक योग्यता - १० अङ्क, (७ र ३ अंक)
१. न्यूनतम योग्यता वापत ७ अंका (प्रथम श्रेणी ७, द्बितीयश्रेणी ५, तृतीय श्रेणी ३।
२. माथिल्लो शैक्षिक योग्यता ३. (प्रथम ३ द्बितीय २, तृतीय १)
ख. कार्यअनुभव - ५ अङ्क (प्रति वर्ष कार्य अनुभवको १ अङ्कका दरले) न्युनतम योग्यता अनुरुपको पदमा रहि काम गरेका आधारमा ।
ग. अन्तरर्वाताः २५ अंक

४. उपदफा १ को (ख) बमोजिम लिइने अन्तर्वाता अङ्क ७० प्रतिशत भन्दा माथि र ३५ प्रतिशत भन्दा कम दिदा कैफियत उल्लेख गर्नुपर्नेछ ।

५. पहिलो चरणको छनौटमा परेका परीक्षार्थीले प्राप्त गरेको अंक र दोश्रो चरणमा अन्तरवार्ताबाट प्राप्तकको आधारमा अन्तिम नतिजा प्रकाशित गरिनेछ।

**११. अन्तिम नतिजा प्रकाशन सम्बन्धी व्यवस्था:**

१) सबैभन्दा बढी अङ्कप्राप्त गर्ने उम्मेदवारहरु दफा ६ बमोजिम समितिको सिफारिसको आधारमा गाउँपालिकाले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना आदि समेत उल्लेख गरी अन्तिम योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोव्वर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ।

३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यबाट जानकारी गराई सोको अभिलेख समेत राखिनेछ

**१२. करार सम्झौता रद्द गर्न हुने:**

१) देहायको अवस्था भएमा गाउँ शिक्षा समितिको सिफारीसमा गाउँपालिकाले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द हुनेछ।

क) बिना सूचना लगातर १५ (पन्ध्र) दिन सम्म विद्यालयमा अनुपस्थित भएमा,

ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा,

ग) शिक्षक आचारसंहिताको पालना नगरेमा,

२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई सफाई पेश गर्ने मौका नदिई सेवाबाट हटाउन पाइने छैन।

## परिच्छेद-४

## विभिन्न निकायहरुको भुमिका

१३. स्वयंसेवक तथा अनुदान शिक्षकको नियुक्ति सम्बन्धमा परिच्छेद ३ को दफा ६ को बमोजिम बनेको समितिले परीक्षार्थीहरुको नियुक्तिको लागि गाउं शिक्षा समितिमा पेश गर्नेछ।

## परिच्छेद-५

१४.स्वयंसेवक तथा अनुदान शिक्षक नियुक्ति हुँदा भएको करार सम्झौतामा उल्लिखित भएबमोजिमको शर्त बन्देजलाई पालना गर्न लगाई विद्यालयको शैक्षिक गुणास्तर सम्बन्धमा अनिवार्य रुपमा त्रैमासिक विवरण गाउंपालिकामा पेश गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ।

१५. थप सुविधा उपलब्ध गराउन सक्ने: यस कार्यविधि अनुसार नियुक्त भएका शिक्षकलाई गाउँ शिक्षा समितिको बैठक निर्णयबाट आवश्यक देखिएमा थप सेवा सुविधा दिएमा यो कार्यविधि बाधा हुने छैन।

१६. कार्यविधिको व्याख्या गर्न सक्ने: कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार बिन्दबासिनी गाउंपालिकामा लागु हुनेछ। यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन नै लागु हुनेछ।

गाउंकार्यपालिकाबाट पारित मिति:- २०८२/०२/२०

प्रमाणीकरण मिति:- २०८२/०२/२०

आज्ञाले

श्यामबाबु साह कानु

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी

गाउँपालिका अध्यक्ष